*"For Nepali, By Nepali"*

**गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार**

**Non-Resident Nepali Association, National Coordination Council, Qatar**

**Estd : 2003**

# सातौ राष्ट्रिय महाधिवेशन

## १८ अगष्ट २०१७, शुक्रबार

# कार्यप्रगति प्रतिवेदन

तयारी तथा प्रस्तुती तेज कटुवाल,
कार्यबाहक महासचिव, २०१५-२०१७
सुझाव तथा प्रतिक्रियाको लागिः nrnancc.qatar2003@gmail.com

यस ऐतिहाँसिक सातौ राष्ट्रिय महाधिवेशनका सभापति महोदय,
प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यूहरु,
अतिथि ज्यूहरु एवं उपस्थित पंजिकृत सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु ।

नेपालमा भएको २०४६ को राजनैतिक परिवर्तनको प्रभाव तथा संचार क्षेत्रमा आएको व्यापकताले विदेश प्रति हाम्रो आकर्षण बनिरहँदा देशमा चर्किएको द्वन्द र राजनैतिक अस्थिरताले बाध्य भइ विदेशिनेहरुको संख्या अत्यधिक वृद्धि हुँदा आज ३५ लाखको हाराहारीमा नेपालीहरु सार्क बाहेकका मुलुकहरुमा छौं । ठुलो संख्यामा प्रवासमा रहेका नेपालीहरुलाई संगठित गर्ने अग्रजहरुको अग्रसरताको परिणाम स्वरुप २००३ मा गैरआवासीय नेपाली अभियानको स्थापना भयो र आज ७६ वटा मुलुकमा संस्थागतरुपमा विस्तार भइसकेकोछ । संस्थाको आकारका साथ साथमा यसले हाँसिल गरेका उपलब्धिहरु, राष्ट्रको समृद्धि, विपत व्यवस्थापन तथा प्रवासका नेपालीहरुको सुखदुखमा दिएको साथ र नेपाल प्रबर्द्धनमा खेलेको भुमिकाले गैरआवासीय नेपाली अभियानको उचाई धेरै माथि उठाइदिएकोछ । स्थापनाका १४ बर्षमा विदेशमा रहेका नेपालीहरुको साझा चौतारी अनि राष्ट्रको आशाको केन्द्रको रुपमा स्थापित हुन सफल भएको छ यो अभियान ।

१२ डिसेम्बर २००३ मा स्थापना भएको राष्ट्रिय समन्वय परिषद् कतार यस अभियानको एक नमुना एनसीसी हो । ऐतिहाँसिक दोश्रो एनसीसी मात्र नभएर यहाँ कार्यरत नेपालीहरुको पक्षमा र अन्तराष्ट्रिय समन्वय परिषद्का अभियानहरुमा निरन्तर खेलेको सकरात्मक भुमिकाले एनआरएनए एनसीसी कतार एक उदाहरणिय राष्ट्रिय समन्वय परिषद्को रुपमा स्थापित गरेको छ । १४ अगष्ट २०१५मा सम्पन्न संघको छैटौ राष्ट्रिय महाधिवेशन समारोह तथा २५ डिसेम्बर २०१५ मा सम्पन्न निर्वाचनबाट बिनेस तामाङको अध्यक्षतामा निर्वाचित वर्तमान कार्यसमितिको कार्यबाहक महासचिवको हैसियतले यस कार्यकालमा संघले गरेका गतिविधिहरुलाई संक्षेपिकरण गरेर तयार गरेको यो कार्य प्रगति प्रतिवेदन यस गरिमामय राष्ट्रिय महाधिवेशन समक्ष प्रस्तुत गर्न गइरहेकोछु ।

७ जनवरी २०१६मा औपचारिक रुपम सपथ ग्रहण गरे पश्चात यो समितिले छैटौ राष्ट्रिय महाधिवेशनले पारित गरेको प्रतिबद्धताको म्याण्डेट, संघका उद्देश्यहरु, विगतमा संघलाई विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह तथा प्रतिक्रियाहरु, आइसीसीले दिएका निर्देशन तथा चलाएका अभियानहरुलाई समेत आधार मान्दै आफ्ना कार्ययोजनाहरु तय गरी यस कार्यकालका गतिविधिहरु अघि बढाएको थियो । वैदेशिक रोजगारीको क्रममा यहाँ विभिन्न कारणले समस्यामा परेका नेपालीहरुको सहयोग, उद्धार तथा राहातमा विगत देखि नै संघले यठेष्ट कार्यहरु गरिरहेको भएता पनि यो अप्रयाप्त भएको गुनासाहरु आउने गरेका छन् । विगतमा एनसीसी समक्ष आएका पिडित वा समस्याहरुको समाधान गर्ने र नितिगत समाधानको लागि पहल गर्ने गरिएको थियो ।

पिडित नेपालीहरुलाई आवश्यक परामर्श, कानुनी सहयोगको अभावमा लामो समय देखि हस्पिटलमा रहेका घाईते तथा बिरामीहरुलाई नियमित भेट गर्ने, आवश्यक सहयोगको लागि दुतावास तथा हस्पिटलसँग समन्वय गरेर समाधानको लागि पहल गरिएकोछ । “फिर्ति केन्द्र” तथा जेलमा रहेका नेपालीहरुको अवस्थाबारे नियमित जानकारी लिएर थुप्रै नेपालीहरुलाई सहयोग गरिएको थियो ।

“नेपालीका लागि नेपाली” भन्ने संघको मर्मलाई आत्मसात गर्दै राष्ट्रको समृद्धिको लागि सांकेतिकखरुपमा नै भएपनि केहि कार्य गर्नु पर्छ भन्ने मान्यता राख्दै साविकका ५ विकास क्षेत्रमा शिक्षा क्षेत्रमा एक एक वटा साना परियोजनाहरु सम्पन्न गरियो । यसका साथै राष्ट्रमा आइपरेका प्राकृतिक प्रकोप तथा विपत्ति व्यवस्थापनमा एनसीसी कतार सकेको सहयोग सहित सहभागी बन्दै आएकोखछ । पछिल्लो समयमा महाधिवेशन तयारीका साथ साथै नेपालको पुर्व तथा मध्य क्षेत्रमा गएको बाढि तथा पहिरो पिडितहरुको लागि सहयोग गर्न संघ लागिरहेको छ ।

एनसीसी कतारको यो कार्यकाल वियोगान्त पनि रह्यो । संघको यस कार्यकालमा पंजिकृत सदस्यहरु सर्वधन सुनुवार (खोटाङ) ले रोजगारीकै शिलशिलामा कतारमा जिवन गुमाएका छन् भने कतारमा कार्यरत नेपालीहरु मध्येकै विशिष्ट भर्जिनिया कमनवेल्थ युनिभसिटि कि प्रोफेसर बौद्धिक व्यक्तित्व डा. डिना वाङदेलको पनि केहि समय अगाडि देहवासन भएको घटनाले कतारबासी गैरआवासीय नेपालीहरु दुखित हुन पुग्यौं । दिवंगत यि आत्माहरुका साथै रोजगारीको शिलशिलामा कतारमा जीवन गुमाउने सम्पुर्ण नेपालीहरु तथा भरखरै नेपालमा गएको बाढि पहिरोमा परि असामयिक निधन भएका सम्पुर्ण नेपालीहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछौं ।

आदरणिय सभापति ज्यू, अतिथिगण, सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु,

यस कार्यकालमा कार्यसमितिका बैठक ८ वटा, सविवालयको बैठक २४ वटा, बिस्तारित बैठक २ वटा, मध्यपुर्व बैठक १ वटा, सामुहिक कार्यक्रमहरु (रक्तदान, दशै, नयाँवर्ष, बुद्धजयन्ति) ४ वटा, नेपाली राजदूतावास दोहा संग समन्वय गरि अयोजित कार्यक्रमहरु ९ वटा, आदिवासी जनजातिहरुको पर्वहरु २ वटा, मुस्लिमहरुको ईफ्तार कार्यक्रम २ वटा, महिलाहरुको तिज कार्यक्रम १ वटा, साहित्यिक कार्यक्रमहरुमा सहभागि १ वटा, संघसंस्थाहरुलाई प्रशिक्षण कार्यक्रम १ वटा, भेटघाट तथा अर्न्तकृया कार्यक्रम १५ वटा साथै नेपाल बाट कतार भ्रमणमा रहेका विशिष्ट व्यक्तित्वहरुसँग भेटघाट कार्यकम सम्पन्न गरिएको थियो ।

कतार सरकारको मिनिष्ट्रि अफ ईन्टेरियर पव्लिक रिलेसन विभागका कार्यक्रमहरु, ट्राफिक सम्वन्धि जनचेतना कार्यक्रम १ वटा, कम्युनिटि स्तरिय तथा ईद ७ वटा, अरव मानव अधिकार दिवस २ वटा साथै विभिन जनचेनता मुलक कार्यक्रमहरुमा सभागिता भएको थियो । कतार सरकार द्धारा अयोजित खेलकुद प्रतियोगिताहरुमा नेपाली संघसंस्थाहरुसको समन्वयमा खेलप्रेमि खेलाडिहरुलाई प्रोत्साहन दिनको लागि भलिवलमा ५ वटा टिम, फुटबलमा ५ वटा टिम र क्रिकेटमा १ वटा टिम सहभागिता गराई फुटबल प्रतियोगितामा द्धितिय समेत भएका थिए ।

कतार २०२२ को प्रमुख निकाय सुप्रीम कमिटि अफ डेलिभरि एण्ड लिगेसीद्धारा आयोजित कार्यक्रमहरुः २०२२ को निर्माणाधिन स्टेडियम भ्रमण ३ वटा, नेतृत्व विकाश तथा पत्रकारिता प्रशिक्षण कार्यक्रम ३ वटा, कम्यूनिटि फेष्टिबल कार्यक्रम २ वटा लगायत विभिन्न जानकारीमुलक कार्यक्रमहरुमा सहभागिता भएका थिए ।

कतार सरकारको श्रम मन्त्रालयद्धारा अयोजित श्रम कानुन सम्वन्धि जानकारीमुलक कार्यक्रममहरु २ वटा लगायत अन्य चेतनामुलक कार्यक्रमहरुमा सहभागि भएको थियो ।

कतार फाउन्डेसन अन्तर्गत भिसियू कतार संग श्रमिकहरुका लागि कार्यक्रम १ वटा र विभिन्न अन्य संघ संस्थाहरु संग समन्य समेत गरेका थिए।

यस कार्यकालमा सम्पन्न अन्य गतिविधिहरुको विवरणलाई संक्षेपिकरण गरि तयार गरिएको गतिविधि यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चहान्छु ।

**आन्तरिक /संस्थागत गतिविधिहरु :**

- ❖ ७ जनवरी २०१६मा पदभार ग्रहण गरे पश्चात ८ जनवरी २०१६मा बसेको बैठकले ११ सदस्यीय सचिवालय, ११ सदस्यीय सल्लाहकार समिति तथा विभिन्न उप-समिति गठन गरिएको थियो । उक्त समितिहरुमा विभिन्न समयमा केहि हेरफेरहरु भएका थिए ।
- ❖ कार्यसमितिको चौथो बैठकले कतारको राष्ट्रिय मानव अधिकार आयोगमा नेपाली समन्वयकर्ताको रुपमा नेपाली राजदुताबासले नेपाली समुदायबाट प्रतिनिधि माग गरिएकोले अध्यक्ष बिनेश तामाङ, प्रथम उपाध्यक्ष नगेन्द्र प्रसाद पोखेल(नबिन), दित्तिय उपाध्यक्ष प्रबिण गुरुङ र महासचिब ई. नन्द प्रसाद गर्बुजालाई सिफारिस गर्ने निर्णय गरिएको थियो ।
- ❖ ६ जनवरी २०१७ मा सम्पन्न कार्यसमितीको छैठौ पूर्ण बैठकले गैरआवासीय नेपाली संघ ,राष्ट्रिय समन्बय परिषद् कतारका कार्यसमिती सदस्यहरु मोहम्मद इस्राइल कबारी, भुपती भट्टराई, चन्द्रदेव यादव, पूर्ण पोखरिया, कृष्ण कुमारलाई विविध कारणले पदमुक्त गरिएको थियो । सोहि बैठकले सचिबालयको रिक्त सदस्यमा कार्यसमिती सदस्य तथा श्रमिक संयोजक प्रेम बहादुर बिक र २ रिक्त कार्यसमिती सदस्यमा परिषद सदस्य रेशम बस्नेत र महेन्द्र चम्लागाइलाई मनोनयन गरेको थियो । साथै उक्त बैठकले सल्लाहकार संयोजक तथा निबर्तमान अध्यक्ष मक्सुद आलमलाई पदमुक्त गरी सल्लाहकार संयोजकको रिक्त स्थानमा बर्तमान सल्लाहकार सदस्य तथा निबर्तमान उपाध्यक्ष कुमार कार्कीलाई मनोनयन गरेको थियो ।
- ❖ ६ जनवरी २०१७ मा सम्पन्न कार्यसमितीको छैठौ पूर्ण बैठकले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्बय परिषद् कतारको विधानलाई आवश्यक संशोधन गरी आइसिसिबाट प्राप्त नमुना विधानको ढाँचामा परिमार्जन गरि चौथो परिषद भेलामा प्रस्तुत गर्ने गरी निवर्तमान गल्फ उपसंयोजक पूर्ण केसीको संयोजकत्वमा बिमल सुबेदी, शुक बहादुर

तामाङ्, नरेश श्रेष्ठ, हुसेन खान, धीरज चाम्लिङ राइ र प्रेम कुमार बिक सदस्य रहने गरी ७ सदस्यीय बिधान संशोधन समिती गठन गरिएको थियो । उक्त समितिमा मनोनित संस्थाका सल्लाहकार बिमल सुवेदीले व्यक्तिगत कारण देखाई र पंजिकृत सदस्य धिरज राईले कार्यसमितिमा मनोनित भएकाले सो समितिमा रहन असमर्थता जनाउनु भए पश्चात श्री रामजी खत्री र श्री सियाराम चौधरीलाईलाई मनोनित गरिएको थियो ।

❖ २४ मार्च २०१७ मा सम्पन्न कार्यसमितीको सातौ पूर्ण बैठकले गैरआवासीय नेपाली संघ ,राष्ट्रिय समन्बय परिषद् कतारका कार्यसमिती सदस्यहरु मेहबुव आलम र रुपेश श्रेष्ठ कार्यसमितीको बैठकहरुमा लगातार अनुपस्थित रहने, संस्थाले आयोजना गरेका कार्यक्रममा समेत उपस्थित नरहने, संस्थाले अपेक्षा गरेको सुझाब,सल्लाह र सहयोग नरहेकोले विधानत उहाहरुलाई पदमुक्त गरिएको थियो । उक्त बैठकले २ रिक्त कार्यसमिती सदस्यमा परिषद सदस्य धीरज चाम्लिङ राई र बिष्णु बहादुर कुँवरलाई मनोनयन गरेको थियो । त्यसै गरि ६ जनवरी २०१७ मा सम्पन्न कार्यसमितीको छैठौ पूर्ण बैठकले निर्णयानुसार रिक्त मुस्लिम समुदायतर्फ यासिन मामा, तराइ मधेश समुदायतर्फ जिबछ यादव र सुदुर पश्चिम क्षेत्रतर्फ नरेश जैसीलाई मनोनयन गरिएको थियो ।

➢ कार्यसमितिको तेश्रो बैठकले संघका सल्लाहकार सदस्य नबराज ओली (शनी ओली ) ले उक्त पदमा बस्न अस्विकार गर्दै राजिनामा दिएकोले सो राजिनामालाई स्विकृत गर्दै रिक्त स्थानमा निवर्तमान कोषाध्यक्ष दोर्ण बहादुर बस्नेतलाई मनोनयन गरिएको थियो ।

➢ गैरआवासीय नेपाली संघको पाँचौ मध्यपुर्व क्षेत्रीय बैठक गत २१ र २२ जुलाई २०१६का दिन दोहामा एनसीसी कतारको आतिथ्यतामा सम्पन्न गरिएको थियो । नेपाली राजदुतावास कतारका कार्यबाहक राजदुत श्री मणिरत्न शर्माको प्रमुख आतिथ्यता तथा नेपाल प्रहरीका अतिरिक्त महानिरिक्षक विज्ञानराज शर्मा, बैदेशिक रोजगार विभागका महानिर्देशक श्री शत्रुघन प्रसाद पुडासैनी कर्मचारी संचयकोषका प्रमुख प्रशासक श्री कृष्ण प्रसाद आचार्य, एनआरएनए आइसीसी अध्यक्ष डा. शेष घलेको बिशेष आतिथ्यता रहेको सो भेलाले विभिन्न बिषयमा बिषयगत अन्तरक्रृयात्मक छलफल गरि १३ बुँदे घोषणा पत्र जारी गर्दै समापन गरिएको थियो ।

- **राष्ट्रिय परिषद् भेला :** संघको विधान बमोजिम राष्ट्रिय परिषद्को पहिलो भेला महाधिवेशनलाई नै मानिएको थियो भने परिषद्को दोश्रो भेला २९ अप्रिल २०१६ का दिन, तेश्रो भेला ११ नोभेम्बर २०१६ का दिन र चौथो तथा अन्तिम राष्ट्रिय परिषद् भेला २६ मई २०१७ का दिन सम्पन्न दोहामा गरिएको थियो । उक्त भेलाहरुले अघिल्लो भेला देखि त्यस भेला बीचको अवधिका संघका गतिविधिहरुलाई छलफल सहित अनुमोदन गर्नुका साथै कार्यसमितिलाई आवाश्यक सुझाव दिने गरेको थियो ।

- **छलफल तथा अन्तरक्रिया :**

❖ १७ जनवरी २०१७ का दिन नेपाली राजदुताबासमा कतारको भ्रमणमा रहनु भएका माननीय परराष्ट्रमन्त्री प्रकाश शरण महतलाई समस्त नेपाली समुदायको प्रतिनिधित्व गर्दै १० बुदे अनुरोध पत्र हस्तान्तरण गरेको थियो । सो अनुरोध पत्रमा श्रमिक समस्या लगायत नेपाली समुदायले भोग्नु परेका कठिनाईहरुलाई समाबेश गरिएको थियो ।

❖ १६ फेब्रुअरी २०१७ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको सचिबालय टिम र बिधान संसोधन समितीबीच परिचयात्मक तथा भबिष्यको कार्ययोजना बारे छलफल छलफल गरिएको थियो ।

❖ १८ फेब्रुअरी २०१७ का दिन सुप्रिम कमिटीको आयोजनामा विश्वकप फुटबल(२०२२ मैदान अल वक्रा स्टेडियमको स्थलगत निरीक्षण तथा स्टेडियमको ईन्जिनियरिङ डिजाईन सम्बन्धी सुचना दिन वर्कशप आयोजना गरेको हुँदा नेपाली समुदायको तर्फबाट कार्यसमिती सदस्य ई मोहम्मद आयुबले सहभागिता जनाउनु भएको थियो । उक्त वर्कशपमा कतारका बिभिन्न अलग समुदायबाट २५ ईन्जिनियर छानिएको थियो ।

❖ १९ फेब्रुअरी २०१७ का दिन कतारमा आयोजित बिभिन्न कार्यक्रमहरु न्युनिकरण गर्न र राष्ट्रिय महत्वका कार्यक्रमहरु नजुधाइ संयुक्त रुपमा आयोजना गर्न गराउन तथा समन्वय गर्न गत ०७ अक्तुबर २०१६ मा एनआरएनए एनसिसि कतारका अध्यक्ष बिनेश तामाङ्को संयोजकत्वमा गठित २१ सदस्यिय समितीको बैठक बसेको थियो । उक्त दिन बसेको बैठकले कतारमा स्थापित सम्पूर्ण संघसंस्थासँग सहकार्य गरी संयुक्त रुपमा नयाँ बर्ष २०७४ शुभकामना आदानप्रदान तथा सांगितिक कार्यक्रम १४ अप्रिल २०१७ का दिन आयोजना गर्ने निर्णय गरेको थियो ।

❖ २७ फेब्रुअरी २०१७ का दिन अमेरिकाको राष्ट्रिय दिवसको अवसरमा आयोजित कार्यक्रममा नेपाली समुदायको प्रतिनिधित्व गर्दै अध्यक्ष बिनेश तामाङले सहभागिता जनाएका थिए ।

- २८ फेब्रुअरी २०१७ का दिन एनआरएनए आइसिसि डेनमार्क सदस्य तथा नेपाल पर्यटन बोर्डका दुत सोम सापकोटासँग अन्तर्कृया कार्यक्रम गरेको थियो ।
- १,४,१० र १२ मार्चमा कतारमा स्थापित संघसंस्थासँग नयाँ बर्ष आयोजनाको लागि ब्यवस्थापकिय योजना बनाउन तथा छलफल गर्न अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- ४ मार्च २०१७ का दिन एनसिसि सचिबालय र एनसिसि सल्लाहकार समितीबीच समसामयिक गतिबिधी तथा एनसिसि कार्ययोजनाबारे छलफल गर्न अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- १७ मार्च २०१७ का दिन "GCC Traffic Week Celebration" समारोहमा नेपाली समुदायको प्रतिनिधित्व गर्दै अध्यक्ष बिनेश तामाङले सहभागिता जनाएका थिए ।
- १९ मार्च २०१७ का दिन "Arab Human Rights Day"को अवसरमा सम्पूर्ण एसिएन समुदायको प्रतिनिधित्व गर्दै नेपाली समुदायको तर्फबाट अध्यक्ष बिनेश तामाङले मन्तब्य राखेका थिए ।
- ०१ मे २०१७ का दिन अन्तराष्ट्रिय श्रमिक दिवसको कार्यक्रममा नेपाली समुदायको प्रतिनिधित्व गर्दै अध्यक्ष बिनेश तामाङले सहभागिता जनाएका थिए ।
- ५ मे २०१७ का दिन एनसिसि पदाधिकारी, आइसिसि पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्ष,पुर्ब महासचिब र एनसिसि बिधान संशोधन समितीबीच एनसिसिको संशोधित बिधान मस्यौदा उपर ब्यापक छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- १२ मे २०१७ का दिन एनसिसि आइसिसि पूर्व तथा बर्तमान पदाधिकारी, एनसिसि सल्लाहकार, आइसिसि पूर्व तथा बर्तमान सदस्यहरु  र कतारका लागि नेपाली राजदुत महामहिम रमेश प्रसाद कोइरालाबीच भेटघाट, परिचायात्मक तथा अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- १९ मे २०१७ का दिन एनसिसि कार्यसमिती, आइसिसि पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्ष,पुर्ब महासचिब र एनसिसि बिधान संशोधन समितीबीच एनसिसिको संशोधित बिधान मस्यौदा उपर ब्यापक छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- १९ मे २०१७ का दिन एनसिसि पदाधिकारी, आइसिसि पदाधिकारी सदस्यहरु र आइसिसि महासचिब डा बद्री केसीबीच परिचयात्मक,छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- २४ जुलाई २०१७ का दिन गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय समितिका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो ज्यूसँग कतारको वेलकम डाईन रेष्टुरेण्टमा विशेष भेटघाट तथा अन्तरक्रिया कार्यक्रमको अयोजना गरियो ।
- १ जुन २०१६ का दिन माननीय खेलकुद मन्त्री श्री सत्यनारायण मण्डल ज्यू कतार आउनु भएकोले गैरआवासीय नेपाली संघ कतारको तर्फबाट नेपाली दुताबास कतारमा स्वागत, परिचयात्मक भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो  ।

## परोपकारी कार्यहरु

- **एक एनसीसी एक परियोजना** अर्न्तगत पूर्वाञ्चल बिकास क्षेत्रको संखुवासभा जिल्लाको बिकटमा रहेको हिमालय निम्न माध्यमिक विद्यालयमा खानेपानी ट्यान्की निर्माणार्थ कतारी रियाल २,०००/-( दुई हजार ) बिनियोजन गरी पूर्वाञ्चल सदस्य तेज कटुवाल मार्फत सहयोग गरियो ।  मधयमाञ्चल विकास क्षेत्रको नुवाकोट, जिलिङ स्थित भुकम्प प्रभावित करुणाकर नि मा विलाई भवन निर्माणको क. री २००० सहयोग गरियो । पशिमाञ्चल विकासक्षेत्रको अर्घाखाँचि जिल्लाको विद्यालयलाई कार्यसमिति सदस्य ठाकुर परियार मार्फत क. री २०००सहयोग गरियो ।  मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्युठान जिल्ला स्थिते दुर्गा माध्यमिक बिद्यालय र जन प्रतिग्या प्राथमिक बिद्यालयलाई १/१ थान कम्प्युटर खरिद गर्न  कार्यसमिति सदस्य मान बहादुर केसी मार्फत  क रि २००० सहयोग गरियो । सुदुर पश्चिमाञ्चलको कैलाली जिल्लाको सु प समावेशी विद्यालयलाई क रि २००० सहयोग  गरियो ।
- १५४ राष्ट्र घुमेर कतार आइपुगेका विश्व साइकल यात्री जनार्दन खनाल र लोक बन्धु कार्कीलाई कतार बसाइ क्रममा बासस्थानको समस्या परेकोले नेपाली राजदुताबाससँग समन्बय गरि कार्यसमिती सदस्य महेन्द्र चाम्लागाईको करि ९५०/- आर्थिक सहयोगमा ५ दिनको लागि आवास (होटेल) को सहयोग गरिएको थियो ।

- एनआरएनए आइसिसि महिला फोरमले १०७ वौ अन्तरराष्ट्रिय महिला दिवसको अवसरमा बिभिन्न परोपकारी कार्यक्रम गर्न आर्थिक सहयोगको अपिल गरेको हुँदा एनसिसि कतारले २८ फेब्रुअरी २०१७ का दिन ३०० डलर महिला कोषमा पठाएको थियो ।
- २१ अप्रिल २०१७ मा विश्व अपाङ्ग साइकल यात्री चित्र पौडेल कतार प्रवेश गरेको तर अन्य राष्ट्रको भिसा समयमा उपलब्ध नभएको अवस्थामा नेपाल फिर्न चरम आर्थिक अभाब भएको हुँदा सहयोगको याचना आएकोले एतर्फी हवाई टिकट उपलब्ध गराइएको थियो ।
- २१ अप्रिलमा श्रमिक संयोजकको संयोजनमा विश्व अपाङ्ग साइकल यात्रीका सहयोगी रेशम खनालको नेपाल फर्किने हवाई टिकट बुद्द पाण्डे मार्फत उपलब्ध गराइएको थियो ।

- **कला संस्कृति, साहित्य तथा खेल गतिविधि** : नेपाल र नेपाली कला संस्कृति, साहित्य, खेल तथा पर्यटन प्रवर्द्धन गैरआवासीय नेपाली संघ अभियानको एक महत्वपुर्ण उद्देश्य हो । त्यसैले एनसीसी कतारले विगत देखि नै निरन्तर यि क्षेत्रलाई समेत आफ्नो कार्ययोजनामा राखेर गतिविधिहरु संचालन गर्दै आएकोछ । यस कार्यकालमा पनि यसलाई विभिन्न कार्यक्रमद्धारा निरन्तरता दिइयो ।
  - २६ अगस्ट २०१६ का दिन एनसीसी कतार महिला विभागको संयोजनामा नेपाली महिला हरुको महान पर्व हरितालिका तिज पर्व बृहत महिला दिदिबहिनीहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो
  - २५ जुन २०१६ का दिन एनसीसी कतार को आयोजनामा ईस्लाम धर्मावलम्बी हरुको पबित्र महिना रमदान को पावन अवसरमा बृहत इफ्तार कार्यक्रम सम्पन भएको थियो ।
  - २५६० औ बुद्द जयन्ती मनाउन नेपाल प्रवासी आदिवासी जनजाति महासंघ कतारबाट अनुरोध भएकोले उक्त समारोहलाई सफल बनाउन कतारी रियाल १००० सहयोग गरिएको थियो
  - Ministry of Interior को आह्वानमा गैरआवासीय नेपाली संघ एनसीसी कतारको सहभागितामा सधैको बर्षहरुमा झैं यस पटक पनि Eid Al Fitr (६-७ जुलाई २०१६) र Eid Al Adha (१२ र १३ सेप्टेम्बर २०१६) मा कतार मा स्थापित विभिन्न संघ सस्था हरुको सहयोग र सहभागिता एवं विभिन्न कलाकारहरुको बिशेष सहयोगमा विभिन्न सास्कृतिक कार्यक्रमहरु एसियन टाउन स्टेडीयमको प्राङ्गणमा र अलखोरमा प्रस्तुत गरियो ।
  - गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्वय तथा कतारमा स्थापित ६२ वटा संघ सस्थाहरुको संयुक्त अयोजना, नेपाली दुतावास कतारका कार्यवहाक राजदुत श्री मणिरत्न शर्माज्यूको प्रमुख आतिथ्य, मिनिस्ट्री अफ इन्टेरियर लगायत का बिशिष्ट पाहुनाहरु, कतारमा स्थापित बैचारिक तथा सामाजिक संस्थाका प्रमुख एवं प्रतिनिधिहरु समेतको आतिथ्यतामा नेपालीहरुको महानपर्व विजया दशमी, दिपावली, छठ र नेपाल संवत शुभकामना आदान प्रदान संयुक्त कार्यक्रम २१ अक्टोबर २०१६ शुक्रबारका दिन Gulf Paradise होटलमा भब्य रुपमा कतारमा स्थापित विभिन्न संघ संस्थाहरुको सहभागिताका साथ सम्पन्न भएको थियो । यसै कार्यक्रममा एनआरएन एनसिसि कतार र Aster Policlinic बिचमा मेम्बरसिप कार्ड (नेपालीहरुलाई बिशेस छुट प्रदान गर्ने उदेश्यले) सम्बन्धि सम्झौतामा हस्ताक्षर समेत गरिएको थियो ।

  - लक्ष्मी जयन्ती आयोजना:- गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको साहित्य बिभाग सहितको संयुक्त आयोजनामा १८ नोभेम्बरमा १०७ औ लक्ष्मी जयन्ती कार्यक्रम सफलता पूर्वक आयोजना गरिएको थियो ।
  - फूटबल उपबिजेता टिमलाई बधाई:- ३० डिसेम्बर २०१७ अल खोरमा आयोजित "Winter Sports Championship-2016" अन्तर्गत फूटबल तर्फ एनसिसि कतारको तर्फबाट उपबिजेता बन्न सफल लालीगुराँस फूटबल टिमलाई हार्दिक बधाई दिईयो ।
  - बिभिन्न राष्ट्रिय पर्बको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना **:-** गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्बय परिषद् कतारले १२ जनवरी २०१७ मा राष्ट्रिय पर्बहरु ल्होछार,ल्होसार,माघी,साकेला,उधौली,लदी पूजा तथा नयाँ बर्ष २०१७ को शुभ अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको थियो । मध्यपूर्व क्षत्रीय उपसंयोजक उमेश अधिकारीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा कतारमा रहेका आइसिसि पदाधिकारीहरु,

पूर्व पदाधिकारीहरु,एनसिसि सल्लाह्कारहरु,नेपाल प्रबासी आदिबासी जनजाती महासंघ कतार,नेपाल मगर संघ शाखा कतार,तमु(गुरुङ)समाज कतार, किरात याक्थुङ चुम्लुङ कतार, किरात राई यायोख्खा शाखा कतार, नेपाल प्रबासी तामाङ् समाज कतार,थारु कल्याणकारिणि सभा कतार, प्रबासी भुजेल सेवा समाज कतार, सुनुवार सेवा समाज शाखा कतार, नेवा पुच कतार, माझी सेवा समाज कतार, धानुक सेवा समाज कतारका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

- कतार-नेपाल भिजुअल आर्ट कार्यक्रम आयोजना:- १३, २० र २७ जनवरी २०१७ मा कतार फाउन्डेसन अन्तर्गत भर्जिनिया कमनवेल्थ युनिभर्सिटी र युनिभर्सिटी कलेज लण्डन तथा गैरआवासीय नेपाली संघ,राष्ट्रिय समन्बय परिषद् कतारको आयोजनामा ३ जना नेपाली भिजुअल आर्टिस्टहरु हितमान गुरुङ, मेख लिम्बु, शिलाशा राजभण्डारी र कतारका ख्याती प्राप्त आर्टिस्ट सम्मिलित कतार-नेपाल भिजुअल आर्ट कार्यक्रम आयोजना गरेको थियो । उक्त वर्कशपको लागि बिभिन्न ३ चरणमा नेपाली श्रमिक कामदारहरुलाई कतारका एतिहासिक एबम पुरातात्विक स्थानहरुमा स्थलगत भ्रमण, चेतनामुलक सुचनाहरु उपलब्ध गराउनुका साथै दुई देशका कला, ईतिहास र बिकासका आधारहरु आदान प्रदान गरिएको थियो ।
- प्रवासी नेपाली श्रमिकहरु र अमेरिकाबाट आएका युनिभर्सिटीका बिद्यार्थीहरुबीच भेटघाट:- १० मार्च २०१७ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार र भर्जिनिया कमनवेल्थ युनिभर्सिटी कतारको आयोजनामा प्रवासी नेपाली श्रमिकहरु र अमेरिकाबाट आएका युनिभर्सिटीका बिद्यार्थीहरुबीच भेटघाट तथा वर्कसप सम्पन्न भएको थियो । उक्त कार्यक्रम अत्यन्त फलदायक र सफल भएको थियो। उक्त कार्यक्रममा दुई देशका कला,सस्कृति र परम्पराका चिनारी साटासाट गर्नुका साथै आ(आफ्नो राष्ट्रको अन्तरिक तथा राजनीतिक बिषयमा छलफल गरिएको गरिएको थियो । उक्त कार्यक्रम संयोजक एनसीसी कतारका प्रथम उपाध्यक्ष नबिन पोखेल रहेका थिए भने युवा संयोजक लिला जिसी र महिला संयोजक संगीता तामांगले सो कार्यक्रम सम्पन्न गर्न बिशेष सहयोगी को भूमिका खेलेका थिए ।
- कतार सामुदायिक फेस्टिबलमा सहभागी:-२३ मार्च २०१७ मा विश्वकप फुटबल २०१८ छनौट खेल अन्तर्गत कतार र ईरानबीच खेलको पूर्व सन्ध्यामा कतार सुप्रिम कमिटीले आयोजना गरेको सामुदायिक फेस्टिबल कार्यक्रममा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले नेपाली समुदायको प्रतिनिधित्व गरेर पर्यटन सम्बन्धी सामग्री प्रदर्शन गर्दै बिशेष सांस्कृतिक प्रस्तुती पस्केको थियो । उक्त कार्यक्रममा पर्यटन सामग्री उपलब्ध गराउदै आइसिसि सदस्य आर के शर्मा, पर्यटन दुत अशोक श्रेष्ठ, ब्यवसायी हरी पुन,डेनमार्क आइसिसि सदस्य सोम सापकोटा लगायतले सहयोग गरेका थिए भने कलाकार संयोजनमा भाईकाजी गुरुङले मद्दत गरेका थिए । साथै यस कार्यक्रमका संयोजक एनसिसि उपाध्यक्ष प्रबिण गुरुङ रहेका थिए भने उक्त सामुदायिक फेस्टिबललाई बिभिन्न ११ देशका समुदाय साथै नेपाली राजदुताबासबाट समेत स्थलगत अवलोकन गरिएको थियो ।
- नयाँ बर्ष २०७४ शुभकामना आदानप्रदान कार्यक्रम आयोजना: - ७ अप्रिल २०१७ का दिन अलदाना क्लब उम स्लालमा गैरआवासीय नेपाली संघ,राष्ट्रिय समन्वय परिषद कतारले कतारमा स्थापित ४७ संघ-संस्थासँग सहकार्य गरी नयाँ बर्ष २०७४ शुभकामना आदानप्रदान तथा चर्चित गायक हेमन्त शर्माको साथमा स्थानिय कलाकारहरुको सांगितिक कार्यक्रम एतिहासिक रुपमा सभ्य,भब्य र अत्यन्त सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा नेपाली राजदुताबास कतारका कार्यबाहक राजदुत मणीरत्न शर्मा प्रमुख अतिथी रहनु भएको थियो भने सम्पूर्ण राजदुताबास परिवारको समेत बिशेष आतिथ्यता रहेको थियो। उक्त कार्यक्रमलाई सफल बनाउन कतारबाट प्रतिनिधि गर्ने आइसिसि पदाधिकारी लगायत सदस्यहरु, एनसिसिका पूर्व पदाधिकारीहरु, सल्लाहकार समितीको उपस्थिती रहेको थियो । उक्त कार्यक्रम आयोजनाका लागि तपसिल बमोजिम संघसस्थाहरुको संयुक्त सहभागिता रहेको थियो ।

- २५६१ वौ बुद्ध जयन्ती कार्यक्रम आयोजना: - १२ मे २०१७ का दिन नेपाली राजदुताबास प्रांगणमा गैरआवासीय नेपाली संघ,राष्ट्रिय समन्वय परिषद कतारले कतारमा स्थापित ५९ संघ-संस्थासँग सहकार्य गरी २५६१ वौ बुद्ध जयन्ती कार्यक्रम एतिहासिक रुपमा सभ्य,भब्य र अत्यन्त सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा नेपाली राजदुताबास कतारका राजदुत महामहिम रमेश प्रसाद कोइराला प्रमुख अतिथी रहनु भएको थियो भने सम्पूर्ण राजदुताबास परिवारको समेत बिशेष आतिथ्यता रहेको थियो। उक्त कार्यक्रमलाई सफल बनाउन कतारबाट प्रतिनिधि गर्ने आइसिसि पदाधिकारी लगायत सदस्यहरु, एनसिसिका पूर्व पदाधिकारीहरु, सल्लाहकार समितीको उपस्थिती रहेको थियो । उक्त कार्यक्रम आयोजनाका लागि तपसिल बमोजिम संघसस्थाहरुको संयुक्त सहभागिता रहेको थियो ।

- एमिर कप २०१७ तथा खालिफा मैदान उद्घाटन समारोहमा सहभागीस(१९ मे २०१७ का दिन विश्वकप २०२२ को पहिलो स्टेडियम खालिफा अन्तरराष्ट्रिय फूटबल खेल मैदानको उद्घाटन तथा एमिर कपको फाइनल खेल पनि परेको हुँदा उक्त अवसरमा नेपाली समुदायलाई पर्यटन सम्बन्धी बिबिध सामग्री सजाउन स्टल उपलब्ध गराउनुका साथै बिभिन्न नेपाली परिकार एबम कला संस्कृती झल्काउन समय र स्थान उपलब्ध गराएको हुँदा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्बय परिषद कतारले नेपाली समुदायको तर्फबाट सफलतापूर्वक सहभागिता गरेको थियो ।
- २३ जुन २०१७ का दिन ईलाम धर्मावलम्विहरुको रमादान महिनको अवसरमा कतारमा कार्यरत नेपाली मुश्लिम दाजुभाई तथा दिदीबहिनीहरुलाई आमन्त्रण गरि गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय, समन्वय परिषदको सल्लाहकार टि.वि. कार्की ज्यूको प्रमुख आतिथ्यमा सालिमार रेष्टुरेण्टको सभाहलमा ईफ्तार कार्यक्रम सम्पन्न गरियो ।
- अगस्ट २०१७ का दिन कार्यसमितिको आठौ पुर्ण बैठकले नेपाली महिलाहरुको महान पर्व हरितालीका तिजको अवसरमा नेपाली महिला समाज कतारको आयोजनमा २५ अगस्ट २०१७ मा हुन गइरहेको कार्यक्रमका लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय समिति कतार विषेश सहयोगि रहने गरि कतारि रियाल २ हजार विनियोजन गरियो ।

- **मानविय, कल्याणकारी, स्वास्थ्य तथा सचेतनामुलक गतिविधीहरु :** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्को प्रमुख उद्देश्य तथा कार्यक्रमहरुमा मानविय तथा कल्याणकारी कार्यहरु पर्दछन् । अनुमानित ४ लाखको संख्यामा नेपालीहरु रहेको र त्यस मध्येमा पनि ९९ प्रतिशत भन्दा बढि श्रमिकहरु कार्यरत रहेको मुलुक भएकाले कतारमा नेपाली श्रमिकहरुका अनगिन्ति कठिनाइहरु छन् । विभिन्न कारणले पिडित भएका या बनाइएका पिडित नेपालीहरुलाई सक्दो सहयोग गर्न एनआरएनए एनसीसी कतार निरन्तर क्रियाशिल छ ।

| पिडितको नाम | समस्याको प्रकृति | जिल्ला | सहयोग | कम्पनी |
|---|---|---|---|---|
| ब्रमहदेव चौधरी | ३५०० रियाल हर्जना भएको | सप्तरी | ३५०० हर्जना तिरेको | |
| डम्बर बहादुर तामाङ | निधन | इलाम | परिवारलाई ५०० रियाल सहयोग गरेको | |
| बिष्णु बा सुवेदी | सडक दुर्घटनामा परि घाइते भएर नेपाल फर्किएको | बागलुङ | रु ७९१०० आर्थिक सहयोग गरिएको | |
| बिरेन्द्र थापा | निधन | तनहु | शब पठाउन प्रक्रियागत सहयोग | Link |
| श्री बहादुर नेम्बाङ | तीन बषैदेखि दुर्घटनामा परी कोममा रहेको | झापा | नेपाल पठाउन कानुनीतथाअन्य सहया | |
| महडल्ला लामिछाने | कम्पनीले नस्विकारेको | कास्की | राजदुतावाससँग समन्वय गरी रोजगारी दिलाइएको | |
| सुनिता लामा | सिरियामा पिडित भएको | | उद्धारको लागि दुतावासहरुसँग सम्पर्क गराइएको | |
| धनकुटा सेवा समाज | सिडि ल्याउदा भन्सारले समातेको | | कानुनी सहयोग उपलब्ध गराई छुटाइएको | |
| महिला समाज ( अमृता राई, चाँदनी चौधरी, कमला तामाङ, शान्ती राई) | जेल परेको | | कानुनी र प्रक्रियागत सहयोग नेपाल पठाउन प्रयास गरिएका । | |
| इभर क्लिनिङ कम्पनीका ६७ जना श्रमिकहरु | तलब नपाएको, घर जाननदिएको | | पहल गरी सबै सुविधा उपलब्ध गराएर पठाएको | Ever Clean |
| भरत बहादुर सार्की | राहादानी र आईडिमा विवरण फरक भइ समस्यामा परेको | | दुतावाससँग समन्वय गरेर समाधान गरिएको | |
| चेतमान बुढा , सिद्धार्थ न्यौपाने | एक्जिट पर्मिट नपाएको | | एक्जिट पर्मिटको लागि सहयोग गरिएको । | Red Chery Trading |
| इलिजेन्ट क्यास्टल होटलका ६ जना कर्मचारी | ६ महिना सम्म तलब नपाएको । | | तलब दिएर घर पठाउन समन्वय गरिएको । | ElgentCastyl Hotel |

| | | | | |
|---|---|---|---|---|
| लालबहादुर दर्जी | बिरामी हुँदा लाग्ने खर्च देखाएर ठुलो रकम कट्टा गरी अन्याय गरेको । | दोलखा | न्याय दिलाउन पहल गरिएको । | Al Musaire Trade. Cont |
| सपना तामाङ | कुमारी आमा भइ जेल परेको । | चितवन | जेल मुक्त गरी नेपाल पठाउन पहल गरिएको । | United Cleaning Company |
| ब्रह्मदेव चौधरी | ३५०० रकम तिर्न नसकी नेपाल जान बञ्चित भएको । | सप्तरी | करी ३५०० सहयोग गरिएको | |
| डम्बर बहादुर तामाङ | निधन । | इलाम | परिवारलाई करी ५०० सहयोग गरिएको । | |
| बिष्णु बहादुर सुबेदी | दुर्घटनामा परि कोमामा रहेका । | वाग्लुङ | नेपालमा अस्पतालको बेड खरिद गर्न रु ७९१०० सहयोग गरिएको । | |
| दिलबहादुर घर्ती | निधन । | म्याग्दी | शब नेपाल पठाउन सहयोग गरिएको । | |
| एलुसीद कम्पनीका १८५ पिडितहरु | तलब नपाएको, घर जान एक्जिट नपाएको । | | खाद्यान्न सहयोग, समाधानको लागि आइसीसी मार्फत सरकार सम्म अपिल गरिएको, टिकट उपलब्ध गराउन समन्वय गरेको । | |
| करनेस टावर कम्पनीका श्रमिकहरु | क्याम्पमा आगलागी हुदा आधारभुत सामान समेत अभाव भएको । | | सामान सहित सहयोगको अपिल सबै संस्था र दुतावासमा समेत गराइएको । | करनेस टावर कम्पनी |
| एलेक्स टावर कम्पनीका श्रमिकहरु | तलब, घर जान चाहँदा एक्जिट पर्मिट र खाना समेत नपाएको । | | दुतावासलाई जानकारी गराई खाद्यान्न तथा टिकट सहयोगको लागि संघ संस्थाहरुसँग समन्वय गरी सहयोग जुटाइएको । | Alex Star Abid Group & Blazed Company |
| टिकाराम थापा | निधन भएको । | | शव नेपाल पठाउन सहयोग गरिएको । | |
| मिन बहादुर शाहि | तलब नपाएको, घर जान एक्जिट नपाएको । | | टिकट र नगद सहयोग गराई नेपाल फिर्ता पठाउन सहयोग गरिएको । | |
| कुमारी थापामगर | २ महिनाको तबल नपाई एअरपोर्ट बाट फिर्ता गराइएको । | | एनसीसीको पहलमा पाउनु पर्ने सुबिधा क. रि. ३४०० उपलब्ध गराईएको । | |
| अमृत घले | आर्थिक कारोबारमा जेलमा रहेको | | कानुनी र प्रक्रियगत सहयोग गरिएको । | |
| मुने कामी | नेपाल फिर्न टिकट अभाव | जाजरकोट | टिकट उपलब्ध गराईएको | |
| अश्बिन चौधरी र दंगल सिंह लिम्बु | नेपाल फिर्न टिकट अभाव | मोरङ | हवाई टिकट सहयोग गरिएको | |
| फुर्बा शेपा | नेपाल फिर्न टिकट अभाव | ताप्लेजुङ | हवाई टिकट सहयोग गरिएको | |
| नसिम नादफ | नेपाल फिर्न टिकट अभाव | महोत्तरी | हवाई टिकट सहयोग गरिएको | |
| सुरेन्द्र सदा | नेपाल फिर्न टिकट अभाव | | हवाई टिकट सहयोग गरिएको | |
| हरी चन्द्र रसाइली | कम्पनिबाट तलब नपाएको | | तलब सहित घर पठाउन सहयोग गरिएको | |

| | | | | |
|---|---|---|---|---|
| देवती विश्वकर्मा | अमेरिका बाट नेपाल जानेक्रममा जहाजमा नै निधन भएको | रुपन्देहि | शव नेपाल पठाउन प्रक्रियागत सहयोग | |
| टिम वर्क कम्पनीका १० नेपाली | ४ महिना देखि तबल नपाएको कारण खाद्यान्न अभाव भएको | | खाद्यान्न सहयोग गरिएको , नेपाल पठाउन समन्वय तथा सहयोग गरिएको | |
| रविन बिक | अलपत्र परेको | | कम्पनीसँग समन्वय गरी उद्दार गरिएको | |
| ९ जना कामदार | | | | |
| बल बहादुर पाइजा | हवाई टिकट अभाव | म्याग्दी | हवाई टिकट सहयोग गरिएको | |
| २९ जना श्रमिक | | | | |
| सिता कुमारी | २ महिनाको तलब नपाएको | | उक्त तलब दिलाई नेपाल जान आवश्यक सहयोग गरेको | |
| सोम बहादुर बिक | २ महिनाको तलब नपाएको | धनकुटा | उक्त तलब दिलाई नेपाल जान आवश्यक सहयोग गरेको | |
| | अलपत्र परेको | | उद्दारको लागि पहल गरि खाद्दान सामग्री पनि उपलब्ध गराइएका | |
| सागर खड्का | नेपाल फिर्ता जान नपाएका | म्याग्दी | कम्पनीबाट टिकट उपलब्ध गराउन मद्दत गर्नुका साथै श्रमिक संयोजकको पहलमा मोना कतारले खाद्दान उपलब्ध गराएको | |
| राम बहादुर | मेडिकल फेल भएको | | राजदुतावाससँग समन्वय गरि कम्पनीबाट टिकट उपलब्ध गराउन सहयोग गरेको | |
| राम बहादुर घर्ती | निधन भएको | कैलाली | शव नेपाल पठाउन समन्वयात्मक सहयोग गरिएको | |
| सतार कबारी सहित ६जना | २ महिनाको तलब नपाएको र घर फिर्तीको लागि एक्जित पर्मिट समेत नपाएको | | आन्तरिक मन्त्रालयसँग समन्वय गरी तलब र एक्जित पर्मिट दिलाएको | |
| तारानाथ चौलागाइ | कतार आएको एक महिनामा मै सिकिस्त बिरामी भएको र नेपाल जान चाहेकोले तर टिकट अभाव भएको | | म्यानपावर मार्फत टिकट उपलब्ध गराउन आवश्यक पहल | |
| सर्वधन सुनुवार | असामयिक निधन भएको | खोाटाङ | परिवारलाई कतारी रियाल १००० सहयोग गरिएको । | |
| शिव थापा | असामयिक निधन भएको | कास्की | परिवारलाई कतारी रियाल ५०० सहयोग गरिएको । | |
| राजेश बहादुर घर्ती , गङ्ग बहादुर कटुवाल, दिनेश कटुवाल सहित २० जना | अलपत्र परेको । | विभिन्न जिल्ला | दुतावासको सहयोगमा कम्पनीसँग समन्वय गरी नेपाल पठाइएको | anyarctice tarding and contayating co. |

## अन्य विवधि गतिविधिहरु

- कतारमा स्थापित ६८ वटा सामाजिक सस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सामाजिक अग्रज तथा प्रबुद्ध व्यक्तिहरु समेत को उपस्थितिमा गैर आवासिय नेपाली संघ एनसीसी कतार को समन्वय एवं Ministry of Interior – Traffic Department को आयोजनामा ५ अक्टोबर २०१६ का दिन Safety and Security of Nepalese in Qatar Especially in the field of traffic safety बिषयमा जम्मा २८२ जना नेपालीहरुको सहभागितामा भाग लिईएको थियो ।
- ७ अक्टोबर २०१६ का दिन कतार स्थित विभिन्न वैचारिक संघ सस्था, सामाजिक सस्थाहरु एवं एनसीसी पदाधिकारी हरुको बिशेष बैठक बसि विभिन्न चाड पर्वहरु अब उप्रान्त सबै सस्थाहरुले संयुक्त रुपमा मनाउन पहल गर्न संयोजन गर्नेगरी

एनसीसी अध्यक्ष श्री बिनेश तामाङ को संयोजकत्वमा २१ सदस्यीय समिति गठन गरियो यसै गरि कतारको गृह मन्त्रालयको अन्तरिक बिभाग ट्राफिक बिभाग को अनुरोध बमोजिम ट्राफिक सचेतना अभिवृद्दि गर्ने उदेस्यले एनसीसी कतारका अध्यक्ष श्री बिनेश तामांग कै संयोजकत्वमा विभिन्न संघसस्था प्रमुख तथा प्रतिनिधि हरु समेतको २१ सदस्यीय समिति समेत गठन गरिएको थियो ।

- एनआरएनए आईसिसिबाट प्राप्त ईमेल अनुसार अतिथिदेवोभवको लागि हरेक एनसिसि बाट ३ जना अभियान्त र १ जना सदभावना दूतको लागि सिफारिस गर्न अनुरोध भए बमोजिम एनआरएनए एनसिसि कतारका तर्फ बाट ३ जना अभियान्ताको रुपमा पुर्व गल्फ संयोजक श्री बद्री पाण्डे, पुर्व गल्फ सहसंयोजक श्री पुर्ण के.सि. र पुर्व एनसिसि अध्यक्ष श्री कमलमणि गुरागाँई लाई सिफारिस गर्ने निर्णय गरियो । यसै गरि पर्यटन प्रवर्धन सदभावदुतको लागि भर्जिनिया कमनवेल्थ युनिभर्सिटि कतारका प्रोफेसर डा. डिना वाङदेल को नाम सिफारिस गरिएको थियो ।

- २० नोभेम्बर २०१६ का दिन आन्तरिक मन्त्रालयद्वारा आयोजित जनचेतनात्मक कार्यक्रम "Safe Drive,Stay Alive"मा नेपाली समुदायको प्रतिनिधित्व गर्दै अध्यक्ष बिनेश तामाङले सहभागिता जनाएका थिए ।

- **सातौ राष्ट्रिय महाधिवेशनको तयारी तथा पंजिकृत सदस्यता वितरण** : विधान बमोजिम २०१५-०१७ को अन्तिम परिष् भेला २६मई २०१७ मार्फत आह्ववान गरी आगामी कार्यकाल २०१७-१९ का लागि पंजिकृत सदस्यता वितरण गरिएको थियो । आइसीसीले कार्यान्वयनमा ल्याएको MIS सिस्टम मार्फत प्राप्त आवेदनहरु एपर छानविन गरी यस जम्मा २३१० जना पंजिकृत सदस्यहरु विधिवत दर्ता गरी ७ अगष्ट २०१७ का दिन प्रकाशित गरिएको थियो ।

आदरणिय सभापति ज्यू, अतिथिगण, सदस्य ज्यूहरु, पर्यवेक्षक तथा पत्रकार मित्रहरु,

उपरोक्त गतिविधिहरुका अलवा नेपाली समुदायको अग्रणी साझा संस्थाको हैसियतमा नेपाल सरकार, नेपाली राजदुतावास, कतार सरकारका विभिन्न निकायहरु, सरोकारवाला संघसंस्थाहरु तथा सिङ्गो समुदायसँग नजिकबाट समन्वय गर्दै दैनिक थुप्रै कार्यहरु सम्पादन गरिरहेको छ । विभिन्न अवसरहरुमा औपचारिक तथा अनौपचारिक रुपमा समुदायको नेतृत्व गर्दै प्रतिनिधित्व गर्ने, सहभागिता जनाउने, स्वागत तथा भेटघाटमा सरिक हुने, नेपाली तथा अन्य समुदायका कार्यक्रम तथा गतिविधिहरुमा उपस्थिति जनाउने, नेपालीहरुका कठिनाईहरुमा परामर्श दिने, सहयोग तथा सहानुभुति प्रकट गर्ने जस्ता समुदायको सरोकार राख्ने जानकारी तथा सुचनाहरु प्रवाह गर्ने, नेपालीहरुका समस्यालाई सम्बन्धित निकायमा पुऱ्याई समाधानको लागि पहल गर्ने जस्ता कार्यहरु दैनिकरुपमा सम्पादन गरिरहेको व्यहोरा जानकारी गराउदछु ।
अन्त्यमा संघलाई यस कार्यकालमा सहयोग गर्ने नेपाली राजदुतावास, एनआरएन-आईसीसीका वर्तमान तथा पुर्व पदाधिकारी ज्यूहरु, सल्लाहकार समिति, कतारमा स्थापित भइ सहकार्य गरिरहेका सम्पुर्ण नेपाली संघसंस्थाहरु, बुद्धिजिवी, व्यवसायी, संचारकर्मी तथा सम्पूर्ण एनआरएनएलाई माया गरिरहनुहुने नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी मलाई यस गरिमामय संस्थाको कार्यबाहक महासचिवको पदिय जिम्मेबारी बहन गर्ने क्रममा सहयोग गर्नुहुने एनसीसी अध्यक्ष ज्यू लगाएत अग्रज तथा सहकर्मि मित्रहरु एनआरएनए अभियानका आदरणिय अग्रजहरु, सम्पूर्ण पंजिकृत सदस्य ज्यूहरु सबै प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र समन्वयको अपेक्षा सहित यस प्रतिवेदन माथि गहन छलफल पारित गरिदिनुहुन यस सम्मानित महाधिवेशनमा उपस्थित आदरणिय पंजिकृत सदस्य ज्यूहरुमा अनुरोध गर्दछु ।

धन्यवाद ।

तेज कटुवाल
कार्यबाहक महासचिव
गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद्, कतार ।